CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

११२

पू

र्णा

ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

२८ वर्ष

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

४ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ७५।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१. प्राचीन कालमा नेपालको विस्तारको विषयमा एउटा नयाँ लेख हेर्दा – महेशराज पन्त १-१०

२. फर्पिङका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका २० वटा लिखतपत्र – महेशराज पन्त ११- ४१

३. बाँडेगाउँका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका ३ वटा लिखतपत्र – महेशराज पन्त ४२-४५

४. साँखुका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका २ वटा लिखतपत्र – महेशराज पन्त ४५-४७

५. लेलेका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका २ वटा लिखतपत्र – महेशराज पन्त ४८-५१

६. लक्ष्मीपतिसङ्ग्रहमा रहेका लेखोट पात्राहरूको सूची – महेशराज पन्त ५२-५९

७. लक्ष्मीपतिसङ्ग्रहमा रहेको एउटा लालमोहर – महेशराज पन्त ६०-६१

८. च्याङ्ग्रा राँगा बोका ल्याउनेसम्बन्धी २ वटा लालमोहर – महेशराज पन्त ६२

बिक्रीमा भएका, संशोधन-मण्डलले बेच्ने गरेका हाम्रा कृति

१.	इतिहास-संशोधन (१-६८ सङ्ख्या)*	३५०।-
२.	कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या (१-२ सङ्ख्या)*	३०।-
३.	व्याकरण-संशोधन (१- १० सङ्ख्या)*	३५।-
४.	पञ्चाङ्ग-संशोधन (१-१७ सङ्ख्या)	३०।-
५.	सावधान-पत्र (१-३१ सङ्ख्या)*	१००।-
६.	इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ	५।-
७.	विद्या-रक्षा (१-१५ सङ्ख्या)	५०।-
८.	अभिलेख-संग्रह (१-१२ भाग)*	२००।-
९.	पूर्णिमा (१-११२ पूर्णाङ्क)*	३४५०।-
१०.	रत्नदीप	२।५०
११.	वृत्तशतक	३।-
१२.	श्री ३ महाराज पद्मशमशेरका कुरा	१२।-
१३.	नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य	५।-
१४.	इनेप्ट् स्पेसइमिन् ?	२०।-
१५.	गोरखाको इतिहास (१-४ भाग)	५००।-
१६.	ह्वट् डिड् अंशुवर्मन् राइट् ?	४०।-
१७.	पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा	८०।-
१८.	आदर्श, ए सप्लिमन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल (१-२ सङ्ख्या)	५५०।-

* यिनका कुनै कुनै सङ्ख्या/पूर्णाङ्क फोटोकपीमा छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्राचीन कालमा नेपालको विस्तारको विषयमा एउटा नयाँ लेख हेर्दा

– महेशराज पन्त

नेपाल भनेको नेपालखाल्डो मात्र हो भन्ने कुराको खण्डन सबभन्दा पहिले वि.सं. २००४ मा तोत्रराज पाण्डेय र नयराज पन्तद्वारा आफ्नो *नेपालको संक्षिप्त इतिहास*मा तलका शब्दमा भएको थियो–

> नेपाल भनेको ८ कोश लामो ६ कोश चौडा खाल्डो हो भन्ने विचार स्मिथ* आदि केही यूरोपीय विद्वान्हरू गर्दछन् । यसैको पछि लागेर धेरै भारतीय विद्वान्हरू पनि हिंडेका र यो नेपालको इतिहास भएको हुनाले यस विषयको केही विचार यहाँ गर्नुपरेको छ ।
>
> भारतका प्रसिद्ध गुप्तसम्राट् समुद्रगुप्त (वि.सं. ३८७-४३२)ले आफ्नो प्रशस्ति भएको प्रयागको खामोमा 'कामरूप नेपाल कर्तृपुरका राजाहरूले मलाई कर तिर्छन्' भन्ने लेखाएका छन् । कामरूप भनेको आसाम हो भन्नेमा सबैको एक वाक्य छ । कर्तृपुर भनेको कत्यूर गढवाल हो भन्ने धेरैको विचार छ । यसरी आसाम र गढवालको बीचमा नेपाल पर्न आएको देखिनाले नेपालको वास्तव अर्थ खुल्दछ । स्मिथले भने झैँ नेपालखाल्डो नै नेपालको अर्थ भएको भए यति ठूलो देशमध्ये सानो टुक्रोमा मात्र समुद्रगुप्तको प्रभाव परेको हुँदा आफूलाई यस कुराबाट प्रशंसा गराउनाको साटो लाज मान्नुपर्ने कुरो समुद्रगुप्त जस्ता दिग्विजयीलाई पर्दथ्यो । ८ x ६ कोशको यो सानो टुक्रो समुद्रगुप्तको राज्यसँग कुन ठाउँमा मिलेको थियो यो कुरो पनि बुझ्नुपर्दछ ।
>
> आफ्नो राज्यभित्रै पस्तै आएका काश्मीरी राजा जयापीडलाई नेपाली राजा अरमुडिले कालीगण्डकीको किनारमा कैद गरेको कल्हणले राजतरङ्गिणीमा लेखेका छन् । यो कुरो यस पुस्तकमा पनि परेको छ । यताबाट पनि नेपालको अर्थ गर्न निकै सजिलो पर्दछ ।
>
> आयुर्वेदका ग्रन्थहरूमा नेपालमा पाइने भनेका जरीबूटी नेपालखाल्डोमा होइन, किन्तु नेपालराज्यमा पाइने हुनाले पनि नेपालको अर्थ गर्न निकै सजिलो पर्दछ ।
>
> लिच्छवि राजा मानदेवको राज्यको कुरो चाँगुको खामोमा र यस पुस्तकमा पनि परेको छ । यताबाट पनि नेपालको फैलावट बुझिन्छ ।
>
> नेपालका राजा नरेन्द्रदेवसँग ७००० घोडचढी थिए भन्ने कुरो चिनियाँ लेखको आधारमा स्मिथले** लेखेका छन् । स्मिथले भने झैँ नेपालखाल्डो नै नेपाल भएको भए यो संभव छैन ।

---

* अर्ली हिष्ट्री आफ इण्डिया तृतीय संस्करण पृष्ठ ३६५ ।

** अर्ली हिष्ट्री आफ इण्डिया पृष्ठ ३५३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण स्मिथका लेखमा पूर्वापर विरोध भएको र कुनै प्रमाणबाट त्यो सिद्ध हुन पनि नसकेकोले आसाम गढवालको बीचको प्रदेश नै नेपाल भन्ने स्पष्ट देखिन्छ ।

यक्ष मल्लको पालासम्म पनि नेपालको त्यत्ति अङ्गभङ्ग भइसकेको थिएन । यसपछि ५२ जति राज्य खडा भई नेपालको वास्तव अर्थको लोपै भए जस्तो भयो र नेपालखाल्डोमा पनि कान्तिपुरका राजाहरूले पनि आफूलाई नेपालेश्वर भन्न लागे ।

पृथ्वीनारायणको पालादेखि गोरखाबाट फेरि नेपाली राज्यको पुरानो अर्थको प्रारम्भ भयो । यसैले १८४९ सालमा बनेको जयरत्नाकरनाटकमा कवि शक्तिवल्लभले नेपालको सङ्कुचित अर्थ नेपालखाल्डो हो, वास्तव अर्थ त यो होइन भनी लेखेका छन् । गोरखाबाट यो प्रयत्न शुरू भएको हुनाले नेपालीहरू गोरखाली कहलाउन लागे । नेपाली वा गोरखालीका प्रसिद्ध कवि भानुभक्त नेपालखाल्डामा जन्मेका पनि होइनन्, गोरखामा जन्मेका पनि होइनन्, तैपनि गोरखाली वा नेपाली त अवश्य हुन् ।[१]

यही विषयमा प्रमाण पनि दिएर लेखिएको, नयराज पन्तको एउटा लेख वि.सं. २०११ मा प्रकाशमा आयो ।[२] यसपछि यस विषयमा बढी प्रमाण समेटेर संशोधन-मण्डलका सदस्यहरूले वि.सं. २०१९ मा लेखे ।[३] नेपालखाल्डो मात्र नेपाल होइन भन्ने कुरा पुष्ट गर्ने यसपछि पनि निकै काम भयो ।[४]

---

१. वि.सं. २००४ मा काशीबाट तोत्रराज पाण्डेयद्वारा प्रकाशित, तोत्रराज पाण्डेय र नयराज पन्तको *नेपालको संक्षिप्त इतिहास*को *भूमिका*का १-३ पृष्ठ । यस पुस्तकको दोस्रो संस्करण वि.सं. २०६० मा काठमाडौँबाट खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानद्वारा प्रकाशित भएको छ । माथिको अंश दोस्रो संस्करणमा *भूमिका*का १-२ पृष्ठमा परेको छ । पहिलो संस्करणमा भएका प्रूफसम्बन्धी अशुद्धि आदिको संशोधन दोस्रो संस्करणमा गरिएको छ । दोस्रो संस्करणमा सच्याएअनुसार प्रूफसम्बन्धी अशुद्धि सच्याई माथि उद्धरण गरिएको अंश दिइएको छ । मूल ग्रन्थमा माथि उद्धरण गरिएको अंशमा पहिलो दोस्रो दुवै पृष्ठमा टिप्पणीमा १ अङ्क हालिएकोमा अहिले यहाँ उद्धरण गर्दा भने अघिल्लो १ को ठाउँमा यस्तो * चिह्न र पछिल्लो १ को ठाउँमा यस्तो ** चिह्न दिइएको छ ।

२. वि.सं. २०११ मा काठमाडौँबाट नेपालीभाषाप्रकाशिनी समितिद्वारा प्रकाशित, *नेपाली गद्य-संग्रह* ३ भागका १४२-१५० पृष्ठमा छापिएको नयराज पन्तको *नेपाल शब्दको अर्थ* भन्ने निबन्ध ।

३. वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण-प्रमेय* मूल भागका २१-२८ पृष्ठ ।

४. ई.सं. १९७७ (वि.सं. २०३४)मा काठमाडौँबाट नेपाल रिसर्च सेन्टरद्वारा प्रकाशित, महेशराज पन्त र ऐश्वर्यधर शर्माको *द टू अर्‌लिएस्ट् कप्‌अर्-प्लेट् इन्‌स्क्रिप्‌शन्ज् फ्रम् नेपाल्* (नेपालका सबभन्दा पुराना दुइवटा ताम्रपत्र)को १७ पृष्ठमा ५८ टिप्पणीमा त्यो पुस्तिका लेखिँदासम्म प्राचीन कालमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्राचीन कालमा नेपाल शब्दले नेपालखाल्डोलाई मात्र नबुझाई धेरै ठूलो भूमिलाई बुझाउँथ्यो भन्ने कुरा सिद्ध भइसकेपछि पनि खास गरी नेवार जातिको अस्मिताका प्रचारक अझ पनि यो कुरा मान्दैनन् । प्राचीन कालमा नेपाल ठूलो थियो भन्नु नयराज पन्त र उनका चेलाछोराहरूले प्रख्यापन नगरीकनै विश्वास गरी आएका कुरामध्ये एक हो भन्ने प्रचार पनि नेवार जातिको अस्मिताका एक जना प्रचारकले गरेको कुरा यस प्रसङ्गमा सम्झनु राम्रै होला –

> इन् दिस् *गुरुकुल*, हाउएभअर्, ह्वट् इज् अर् इज् नट् यान् एभ्इडन्स् इज् डिसाइड्इड् *ए प्रायोरी* बाइ सर्टिन् आर्टिकल्ज् अफ् फेथ् अर् स्यूपर्स्टिशन् । ह्वट् आइ विश् टु इग्ज्याम्इन् हीर् इज् नट् द ट्रेन्इङ् – ह्विच् डज्न्ट् इन्टर्इस्ट् मी – बट् सम् अफ् द आर्टिकल्ज् अफ् देर् अन्डिक्लेर्ड् फेथ् । अमङ् अद्अर्ज्, लेट् मी डिस्कस् जस्ट् टू :
>
> १. इन् एन्शन्ट् पीर्इअड् (ह्वेन् ?), नेपाल् वज् बिग् (हाउ बिग् ?) इट् ह्याड्, नट् ओन्लि स्टेब्ल्, बट् अल्सो फिक्स्ड् पल्इटिकल् बर्डर्ज् । इट् बिकेम् फ्याग्मन्ट्इड् इन् मेड्ईभल् पीर्इअड् (ह्वेन् ?) ।
>
> २. विक्रम ईर्अ इज् सेन्ट्रल् टु नेपालिज् हिस्टरि यान्ड् कल्चर्, यान्ड् देर्फोर् टु नेपालिज् हिस्टोरिओग्रफि ।[५]

नेपालको विस्तारको विषयमा ककसले कहाँ कहाँ लेखेका छन्, त्यो खुलाइएको छ । त्यही पुस्तिकाका १८-२४ पृष्ठमा यस विषयमा बढी कुरा लेखिएको पनि छ ।

वि.सं. २०४० मा प्रकाशित *पूर्णिमा* ५८ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको *के श्री ५ पृथ्वीनारायण शाहको उपदेश संशोधन-मण्डलको विद्वत्ताको अनुपयुक्त नमूना हो त ?* भन्ने निबन्धमा (त्यस पूर्णाङ्कका २५-२६ पृष्ठमा) त्यो निबन्ध लेखिँदासम्म प्राचीन कालमा नेपालको विस्तारको विषयमा ककसले कहाँ कहाँ लेखेका छन्, त्यो खुलाइएको छ ।

५. ई.सं. १९८४ (वि.सं. २०४१)मा काठमाडौँबाट नेपाल स्टड्इ सेन्टरद्वारा प्रकाशित, कमलप्रकाश मल्लको *इम्पेक्अब्ल् हिस्टोरिओग्रफि इन् नेपाल् , ए रिबट्अल्* (नेपालको निर्दोष इतिहासरचना – प्रतिवाद)को २ पृष्ठ ।

मलाई थाहा भएसम्म हाम्रो प्रसङ्गमा यस शब्दको* प्रयोग सबभन्दा पहिले श्रीज्ञानमणि नेपालको *मेरो गुरुकुलीय शिक्षा र सहपाठी* भन्ने पुस्तकमा भएको हो भनी मैले हालै लेखेको थिएँ ।** ज्ञानमणि नेपालको सो पुस्तक वि.सं. २०५४ मा र कमलप्रकाश मल्लको माथि चर्चा गरिएको पुस्तिका वि.सं. २०४१ मा प्रकाश भएकोले हाम्रो प्रसङ्गमा **गुरुकुल** शब्दको प्रयोग कमलप्रकाश मल्लले पहिल्यै गरिसकेकाले मेरो माथिको वाक्यमा अशुद्धि देखिन गएको छ ।

---

* **यस शब्दको** अर्थात् गुरुकुल **शब्दको** ।

** वि.सं. २०६० मा काठमाडौँबाट आगम प्रकाशनद्वारा प्रकाशित, गुहनाथ पौडेलको *औँसीको रात*मा छापिएको महेशराज पन्तको *औँसीको रात पढ्दा* भन्ने निबन्धको ३ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(तैपनि यस गुरुकुलमा कुन प्रमाण हो वा कुनचाहिँ होइन भन्ने कुरा विश्वास वा मूढविश्वासका केही विषयद्वारा अघिबाटै ठहर गरिन्छ । कुन कुराको परीक्षा यहाँ गर्ने मेरो इच्छा छ भने त्यो [तिनीहरूले लिएको] तालीमको विषय – त्यस तालीमको विषयमा मेरो चाख छैन – नभई तिनीहरूका, प्रख्यापन नगरिएका विश्वासका विषय हुन् । तीमध्ये खालि दुइवटाको विषयमा म बहस गर्छु –

१. प्राचीन कालमा (कहिले ?), नेपाल ठूलो (कति ठूलो ?) थियो, यसका सीमाना स्थिर मात्र नभई निश्चित पनि थिए । मध्यकालमा (कहिले ?) यो टुक्रियो ।

२. विक्रमसंवत् नेपालको इतिहास र संस्कृतिको लागि चूल भएर रहेको छ, त्यसैले यो नेपालको इतिहासरचनाको लागि पनि त्यस्तै छ ।)

पृथ्वीनारायण शाहले राज्य बढाइसकेपछि मात्र नेपालको विस्तार भएको होइन, प्राचीन कालमा पनि नेपाल ठूलो थियो भन्ने विषयवस्तु भएको एउटा लेख नेवार जातिको अस्मिताका अर्का प्रचारकले हालै छपाएको देख्दा[६] खास गरी संशोधन-मण्डलका संस्थापक र सदस्यहरूको खोजीबाट पुष्ट यो विषय अब बिस्तारै मानिन थालेको अनुभव मैले गरें ।

स्थिति यसरी राम्रो भएर आए तापनि छापिएको त्यस लेखमा यस विषयको खोजी गर्नेहरूको नाउँ दिन कन्जूसी गरिएकोले त्यो लेख पढ्दा यो खोजी त्यो लेख लेख्नेकै उपज्ञा हो कि भन्ने भ्रम पर्न जान्छ । त्यसमाथि ठाउँठाउँमा निकै नै भद्दा गल्ती पनि त्यस लेखमा परेका छन् ।

अब त्यस लेखमा परेका केही भद्दा अशुद्धिको विषयमा यहाँ लेखिन्छ ।

१

कौटल्यको *अर्थशास्त्र*मा आएको नेपालको प्रसङ्गको विषयमा त्यस लेखमा यस्तो लेखिएको छ –

> त्यसबेला नेपाल आर्थिक रूपले शक्तिसम्पन्न राज्य थियो भन्ने कुरा भारतका प्राचीन कुटनीतिज्ञ कौटिल्यले आफ्नो अर्थशास्त्रमा उल्लेख गरेका छन् ।[७]

---

६. वि.सं. २०६० माघ–फागुनमा काठमाडौंबाट अन्तर्क्रिया* प्रकाशन (प्रा.) लि.द्वारा प्रकाशित *मूल्याङ्कन* ११६ पूर्णाङ्कका ३५-३७ पृष्ठमा छापिएको माणिकलाल श्रेष्ठको *आजको 'विशाल नेपाल' पृथ्वी नारायण शाहले गरेको राज्य-विस्तार पछि मात्र आएको होइन* भन्ने निबन्ध ।

७. त्यसैको ३५ पृष्ठ ।

---

* **अन्तर्क्रिया शब्द अन्तरराष्ट्रिय** वा **अन्ताराष्ट्रिय** जस्तै अङ्ग्रेजी शब्दको भद्दा उल्था मात्र नभई **अन्तर्राष्ट्रिय** जस्तै सन्धिको सामान्य नियमको पनि विरुद्ध गएको छ । संस्कृतवाङ्मयको कुनै पनि शाखाप्रशाखामा गहिरो पाण्डित्य हासिल नगरी बनाइएका, रघुवीरमार्का यस्ता शब्दमा सामर्थ्य छैन भनी मैले २५ वर्षअगाडि नै लेखिसकेको हुँ ।**

** वि.सं. २०३५ मा काठमाडौंबाट महेशराज पन्तद्वारा प्रकाशित, उनैको *अन् स्यान्स्क्रिट् एड्युकेशन्* (संस्कृत-शिक्षाको विषयमा)का १०७-१०८ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल अर्थबलले सम्पन्न राज्य भएको कुरा कौटल्यको *अर्थशास्त्र*मा छ भनी यहाँ लेखिएको गलत छ । कौटल्यको *अर्थशास्त्र*मा राज्यको रूपमा नेपालको कतै चर्चा आएको छैन, खालि *अर्थशास्त्र*को **कोशप्रवेश्यरत्नपरीक्षा** अर्थात् [राजाको] **ढुकुटीमा हुल्नुपर्ने दामीदामी चीजबीजको परीक्षा** भन्ने अध्यायमा नेपालका, आठ पाटा जोडेर बनाएको कालो **भिङ्गिसी** र पानी ओत्ने **अपसारक**को पनि नाउँ लिइएको छ ।[८] नेपाल त्यति वेला अर्थबलले सम्पन्न थियो भनी यत्तिकै आधारमा कसरी भन्न सकिन्छ ।

२

मानदेवको पालामा नेपाल कत्रो थियो भन्ने विषयमा त्यस लेखमा यस्तो लेखिएको छ –

> त्यस्तै गरेर मानदेवको चाँगु अभिलेखको आधारमा पनि त्यतिबेलाको नेपाल अहिलेजत्तिकै क्षेत्रफलयुक्त थियो भन्ने कुरा प्रमाणित हुन्छ । त्यस अभिलेखमा बावुको मृत्युपछि मानदेव सानै उमेरमा राजा भएकाले पूर्व कोशीपारिका र पश्चिम गण्डकीपारिका सामन्तहरूले केन्द्रको अधीनमा नबसी स्वतन्त्र हुन खोजेकोले मानदेवले सेना पठाई उनीहरूलाई कावुमा लिएका थिए भन्ने उल्लेख गरिएको छ ।[९]

मानदेवको चाँगुको अभिलेखबाट त्यति वेलाको नेपालको क्षेत्रफल अहिलेको जत्तिकै थियो भन्ने प्रमाणित हुन्छ र उनले कोशीपारिका सामन्तलाई पनि कज्याए भनी यस अभिलेखमा लेखिएको छ भनी यहाँ लेखिएको छ । मानदेवको चाँगुको अभिलेखमा उनले पूर्वका सामन्त (**पूर्व्वदिशाश्रयाः सामन्ताः**)लाई कज्याए भनेर मात्र लेखिएको छ । उनको पश्चिमा सामन्त गण्डकी-पारको मल्लपुरीको थियो भन्ने कुरा खुले जस्तै गरेर उनका पुर्बिया सामन्त ठीक कुन ठाउँका थिए भन्ने कुरा उनको त्यस अभिलेखबाट खुल्दैन । त्यसमाथि मानदेवको राज्य कहाँदेखि कहाँ-सम्म फैलिएको थियो भन्ने कुरा त्यस अभिलेखबाट नखुल्ने भएकोले उनको राज्यको क्षेत्रफल वर्तमान नेपालको जत्रै थियो भनेर लेखेको ठीक छैन भन्ने कुरा मानदेवको सो अभिलेख पढेका जो कोहीले पनि सहजै भन्न सक्ने कुरा हो ।

३

लिच्छविकालको जातिव्यवस्थालाई पनि छोएर त्यही लेखमा एक ठाउँमा यस्तो लेखिएको छ –

> [...] नेपालका राजाहरू, लिच्छवी राजा बसन्तदेवले चार वर्ण अठार जात, मल्ल राजा जयस्थिति मल्लले चार वर्ण चौसट्ठी जातमा बाँडेर नेपालमा वर्णव्यवस्था लागु गरेका थिए ।[१०]

वसन्तदेवको थानकोटको [शक]संवत् ४२८ मार्गशुक्लप्रतिपदाको शिलापत्रमा **ब्राह्मणपुरस्सरान्** [...] **प्रधानान्ग्रामकुटुम्बिनः साष्टादशप्रकृतीन्** भन्ने आएको छ । माथि भरखरै उद्धरण गरिएको

---

८. *कौटलीय अर्थशास्त्र* २।११।१००
(ई.सं. १९६९ (वि.सं. २०२५) मा बम्बईबाट बम्बईविश्वविद्यालयद्वारा प्रकाशित, आर.पी. काङ्लेको *कौटलीय अर्थशास्त्र* २ संस्करणको १ भागको ५४ पृष्ठ ।)

९. *मूल्याङ्कन* ११६ पूर्णाङ्कको ३५ पृष्ठ ।

१०. उही ३६ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अंशमा यसैलाई सङ्केत गरिएको हो । धनवज्र वज्राचार्यले गरेको **अष्टादशप्रकृति**को गलत व्याख्याको आधारमा त्यो उभिएको छ ।[११] धनवज्र वज्राचार्यले गरेको त्यही अपव्याख्या हरिराम जोशीले दोहऱ्याएका छन् ।[१२] डिल्लीरमण रेग्मीले यस विषयमा अलि गहिरिएर विचार गर्न खोजेका छन्[१३] तापनि उनी पनि बहकिएका छन् ।[१४] यस शब्दको वास्तव अर्थको विषयमा मैले लेख्न त अहिलेसम्म भ्याएको छैन, तर पनि अहिलेभन्दा १९ वर्षअगाडि नै यो विषय मैले अलिकति कोट्टयाइसकेको छु ।[१५] यस विषयमा बढी कुरा अहिले नगरिहाले तापनि कल्हणको *राजतरङ्गिणी*को तलको अंश यस शब्दको वास्तव अर्थ बुझ्न अत्यन्त उपयोगी छ भन्ने कुराचाहिँ भनिहाल्छु –

सोऽथ भूभृज्जलौकोऽभूद् भूलोकसुरनायकः ।
यो यशःसुधया शुद्धं व्यधाद् ब्रह्माण्डमण्डलम् ॥ १०८ ॥
जित्वोर्वीं कन्यकुब्जाद्यां तत्रत्यं स न्यवेशयत् ।
चातुर्वर्ण्यं निजे देशे धर्म्यांश्च व्यवहारिणः ॥ ११७ ॥
यथावद् वृद्धिमप्राप्ते व्यवहारधनादिभिः ।
सामान्यदेशवद् राज्यं तावदस्मिन् हि मण्डले ॥ ११८ ॥
धर्माध्यक्षो धनाध्यक्षः कोशाध्यक्षश्च भूपतिः ।
दूतः पुरोधा दैवज्ञः सप्त प्रकृतयोऽभवन् ॥ ११९ ॥
कर्मस्थानानि धर्म्याणि तेनाष्टादश कुर्वता ।
ततः प्रभृति भूपेन कृता यौधिष्ठिरी स्थितिः ॥ १२० ॥[१६]

---

११. वि.सं. २०३० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख*का १०४-१०५ पृष्ठ ।

१२. वि.सं. २०३० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, हरिराम जोशीको *नेपालको प्राचीन अभिलेख*को ८२ पृष्ठ ।

१३. ई.सं. १९८३ (वि.सं. २०४०)मा नयाँ दिल्लीबाट अभिनव पब्लिकेशन्जद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *इन्स्क्रिप्शन्ज् अफ् एन्शन्ट् नेपाल्* (प्राचीन नेपालका अभिलेख) को ३ भागका ६१-६४ पृष्ठ ।

१४. वि.सं. २०४१ मा प्रकाशित *पूर्णिमा* ५९ पूर्णाङ्कका २०-२३ पृष्ठमा छापिएको महेशराज पन्तको *अष्टादश तीर्थको नाउँ के रघुवंशमा किटिएका छन् ?* भन्ने निबन्धमा यस विषयमा अलिकति लेखिएको छ ।

१५. *पूर्णिमा* ५९ पूर्णाङ्कका १५-२० पृष्ठमा छापिएको महेशराज पन्तको *हीरहडगल्लिको ताम्रपत्रको अट्ठारसजाति के अठाह्र जात हो ?* भन्ने निबन्ध ।

१६. *राजतरङ्गिणी* १ तरङ्ग ।
(ई.सं. १९६० (वि.सं. २०१६/१७)मा दिल्लीबाट मुन्शीराम मनोहरलालद्वारा फेरि प्रकाशित, मार्क ओरेल स्टीनको मूल *राजतरङ्गिणी*को ६ पृष्ठ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(अनि ती जलौका पृथ्वीलोकका इन्द्र भए । कीर्तिरूपी चूनले ब्रह्माण्डमण्डललाई जसले शुद्ध पारे ॥ १०८ ॥

कान्यकुब्ज आदि पृथ्वी जिती तिनले त्यहाँका चारै वर्ण[का मानिस]लाई र ऐनकानूनका धर्म्य व्यवसायी (धर्म्य व्यवहारी)हरूलाई आफ्नो देशमा बसाले ॥ ११७ ॥

अरू अरू देशमा जस्तै यस मण्डलमा (देशमा) [पनि] ऐनकानून (व्यवहार) र धन आदिको उचित वृद्धि नहुँदा त्यस वेलासम्म [खालि] धर्माध्यक्ष, धनाध्यक्ष, कोशाध्यक्ष, भूपति, दूत, पुरोहित र ज्योतिषी गरी सात प्रकृति [मात्र] थिए ॥ ११८–११९ ॥

धर्म्य कर्मस्थान १८ वटा बनाउने ती राजाले त्यस वेलादेखि युधिष्ठिरको स्थिति बसाले ॥ १२० ॥)

यशोवर्माद्रिवाहिन्याः क्षणात् कुर्वन् विशोषणम् ।
नृपतिर्ललितादित्यः प्रतापादित्यतां ययौ ॥ १३४ ॥
प्रीतः पञ्चमहाशब्दभाजनं तं व्यधत्त सः ।
यशोवर्मनृपं तं तु समूलमुदपाटयत् ॥ १४० ॥
अष्टादशानामुपरि प्राक् सिद्धानां तदुद्भवैः ।
कर्मस्थानैः स्थितिः प्राप्ता ततः प्रभृति पञ्चभिः ॥ १४१ ॥
महाप्रतीहारपीडा स महासन्धिविग्रहः ।
महाश्वशालापि महाभाण्डागारश्च पञ्चमः ॥ १४२ ॥
महासाधनभागश्चेत्येता यैरभिधाः श्रिताः ।
शाहिमुख्या येष्वभवन्नध्यक्षाः पृथिवीभुजः ॥ १४३ ॥[१७]

(यशोवर्माको पर्वत जस्तो फौज (अद्रिवाहिनी)लाई छिनमै सुकाइदिने राजा ललितादित्य पोल्ने सूर्य अर्थात् घामले पहाडी खोला (अद्रिवाहिनी)लाई सुकाइदिने सूर्य अर्थात् प्रतापादित्य[१८] हुन पुगे ॥ १३४ ॥

---

१७. *राजतरङ्गिणी* ४ तरङ्ग । (स्टीनको *राजतरङ्गिणी*को ४९ पृष्ठ ।)

१८. ललितादित्यको बाबु दुर्लभक*को उपनाम प्रतापादित्यलाई** पनि यहाँ सङ्केत गरिएको छ ।

---

* *राजतरङ्गिणी* ४।७-८ (स्टीनको *राजतरङ्गिणी* ४४ पृष्ठ ।)

** *राजतरङ्गिणी* ४।४३ (स्टीनको *राजतरङ्गिणी* ४५ पृष्ठ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खुशी भएका तिनले (ललितादित्यले) तिनलाई (मित्रशर्मालाई) पञ्चमहाशब्दका पात्र (पञ्चमहाशब्दभाजन) बनाए, ती यशोवर्मा राजालाई त जरैसमेत उखेलिदिए ॥ १४० ॥

पहिल्यै खडा भइसकेका अठाह्र [कर्मस्थान]को उपर तिनबाट (ललितादित्यबाट) उत्पन्न भएका [अरू] पाँच कर्मस्थानको स्थिति त्यस वेलादेखि बस्यो ॥ १४१ ॥

जसले [थप कर्मस्थानले] महाप्रतीहारपीडा, महासन्धिविग्रह, महाश्वशाला, महाभाण्डागार र पाँचौंचाहिँले महासाधनभाग भन्ने यी नाउँ पाए । जसका अध्यक्ष शाहि मुख्य भएका राजाहरू भए ॥ १४२-१४३ ॥)

४

चिनियाँ यात्री हुआन-चुआङले नेपालको विस्तारको विषयमा लेखेकोबारे त्यही लेखमा यस्तो छ –

चिनियाँ बौद्धभिक्षु हु-एन-साङ्ले सन् ६३१ देखि ६३७ सम्म भारतको भ्रमण गरेका थिए । त्यो भ्रमणको विवरण सन् ६४१ मा चीनका सम्राटलाई बुझाएका थिए । त्यस विवरणको एक ठाउँमा 'भारतको उत्तरमा नेपाल भन्ने एउटा राज्य छ । त्यसको घेरा तीन हजार ली छ' भनेर उल्लेख गरिएको छ । तीन हजार ली भनेको नेपाली नाप १४ सय माइल हो । अहिले पनि नेपालको घेरा १४ सय माइल नै छ।[१९]

नेपालको घेरा तीन हजार ली छ भनी हुआन-चुआङले लेखेका छन् भनी यहाँ जे लेखिएको छ, त्यो गलत छ । नेपालको घेरा चार हजार ली छ भनी स्पष्टसँग उनले आफ्नो यात्रावृत्तान्तमा लेखेका छन् ।[२०] हुआन-चुआङको यात्राको जुन मिति यहाँ दिइएको छ, त्यो पनि गलत छ ।[२१] भैगो, लीलाई माइलमा परिवर्तन गरी दिइएको सङ्ख्यापट्टि भने अहिले नजाऔं ।

---

१९. *मूल्याङ्कन* ११६ पूर्णाङ्कको ३५ पृष्ठ ।

२०. ई.सं. १८८४ (वि.सं. १९४०/४१) मा लन्डनबाट ट्रुब्नर यान्ड कम्पनिद्वारा प्रकाशित स्यामुएल बीलको *सि-यु-कि । बुड्इस्ट् रेकर्अर्ईज् अफ् द वेस्टर्न् वर्ल्ड् । ट्रान्स्लेटेड्इङ् फ्रम् द चाइनीज् अफ् हिउएन् सिआङ्* (*सि-यु-कि* [अर्थात्] पश्चिमा लोकका बौद्ध लिखत, हिउएन सिआङले चिनियाँ भाषामा लेखेकोबाट उल्था गरिएको) २ खण्डको ८० पृष्ठ ।

२१. ई.सं. १९०५ (वि.सं. १९६१/६२) मा लन्डनबाट रइअल एशियाटिक ससाइइटिबाट प्रकाशित थोमस वाटर्जको *अन् युआन् च्वाङ्'ज् ट्र्याभ्ल्ज् इन् इन्डिअ* (युआन च्वाङको भारतयात्राको विषयमा) २ खण्डका ३२९-३४४ पृष्ठमा गाँसिएको भिन्सेन्ट अर्थर स्मिथको *दि इटिन्इररि अफ् युआन्-च्वाङ्* (युआन-च्वाङले घुमेको बाटो) भन्ने निबन्ध हेर्नू ।

हुआन-चुआङले यति ई.सं.देखि यति ई.सं.सम्म यात्रा गरे भनी *द टू अर्लिएस्ट् कप्अर्-प्लेट् इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्*को १५ पृष्ठमा लेख्दा ६३० टु ६४४ हुनुपर्नेमा प्रूफको गल्तीले ६३०, टु ६६४ भएको रहेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५

लिच्छवि राजा वृषदेव र हुआन-चुआङको समयको अन्तरको विषयमा त्यहाँ यस्तो लेखिएको छ –

> त्यस्तै गरेर हु-एन-साङ्भन्दा करिब १०० वर्ष पहिले नेपालका लिच्छवी राजा वृषदेवको समयमा भारतमा समुद्रगुप्तको शासन थियो ।[२२]

वृषदेव मानदेवका बराज्यू हुन् । वृषदेवले कहिलेदेखि कहिलेसम्म राज्य गरे भन्ने कुरा हामीलाई थाहा नभए तापनि उनका पनाति मानदेवले वि.सं. ५२२ देखि ५६३ सम्म पक्कै राज्य गरेको हामीलाई थाहा छ ।[२३] एक पुस्ताको भागमा बढीमा २६ वर्षसम्म[२४] पर्ने हुनाले मानदेवका

---

२२. *मूल्याङ्कन* ११६ पूर्णाङ्कको ३५ पृष्ठ ।

२३. मानदेवका संवत् ३८६ ज्येष्ठशुक्लप्रतिपदादेखि ४२७ आषाढशुक्लप्रतिपदासम्मका अभिलेख पाइएका छन् । यी अभिलेखको संवत् कार्तिकादि शकसंवत् भनी पुष्ट भएकोले यिनलाई वि.सं.मा परिवर्तित गर्दा वैशाखदेखि १३६ जोड्नुपर्छ ।*

१४ वर्ष जतिअगाडि फेला परेको, [शक]संवत् ३८१ को, गद्दीनशीन राजाको नामनामेसी फुटिसकेको खण्डित अभिलेख**लाई मानदेवको भनी केहीले सिद्ध गर्न खोजे*** तापनि त्यो, मेरो विचारमा प्रतिज्ञा मात्रै भएकोले त्यस अभिलेखलाई मानदेवकोमा मैले यहाँ गनेको छैन ।

२४. ई.सं. १८८४ (वि.सं. १९४१)मा प्रकाशित *दि इन्डिअन् यान्टिक्वरि* (भारतीय प्रत्नतत्त्व)मा गेओर्ग ब्यूलरद्वारा सम्पादित भई छापिएको भगवान्लाल इन्द्रजीको *सम् कन्सिड्अर्‌एशन्ज् अन् द हिस्टरि अफ् नेपाल्* (नेपालको इतिहासमा केही विचार) भन्ने निबन्ध, त्यस भागको ४१७ पृष्ठ ।****

---

* वि.सं २०४३ मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको *लिच्छविसंवत्‌को निर्णय*का ९३-१०५ पृष्ठमा यस विषयमा खुलाएर लेखिएको छ ।

** वि.सं. २०४६ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित, श्यामसुन्दर राजवंशीको *प्राचीन नेपाल* ११५ संख्याको नेपाली खण्डका १-२ पृष्ठमा छापिएको *पशुपतिनाथ प्रांगणमा प्राप्त अप्रकाशित लिच्छवि अभिलेख* भन्ने निबन्ध ।

*** वि.सं. २०४७ मा प्रकाशित *प्राचीन नेपाल* ११९ संख्याको नेपाली खण्डका १-६ पृष्ठमा छापिएको वेणीमाधव ढकालको *पशुपतिप्रांगणाभिलेख (सं. ३८१)को परिष्कार* भन्ने निबन्ध ।

ई.सं. १९९४ (वि.सं. २०५१) मा ललितपुरबाट दीपकराम जोशीद्वारा प्रकाशित *रोलम्ब* १४ वर्ष ४ अङ्कको नेपाली खण्डका १५-१६ पृष्ठमा छापिएको श्यामसुन्दर राजवंशीको *सर्वप्राचीन लिच्छवि अभिलेख कुन चाहिं मान्ने ?* भन्ने निबन्ध ।

**** भगवान्लाल इन्द्रजीको यस निबन्धको महेशराज पन्तले गरेको नेपाली उल्था *लिच्छविसंवत्‌को निर्णय*का १९२-२३७ पृष्ठमा छापिएको छ । सम्बद्ध अंश *लिच्छविसंवत्‌को निर्णय*को २१३ पृष्ठमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बराज्यू वृषदेवको समय मोटामोटी रूपले वि.सं. ५२२-(२६x३ = ७८) = वि.सं. ४४४ हुन जान्छ । त्यही लेखमा लेखिएअनुसार नै हुआन-चुआङले भारतयात्रा सन् ६३१ अर्थात् वि.सं. ६८८ मा शुरू भई सन् ६३७ अर्थात् वि.सं. ६९४ मै टुङ्गिएको मान्दा वृषदेवको समय र हुआन-चुआङको समयको बीचमा कमसेकम अढाइ सय वर्ष जति वितिसकेको देखिन्छ ।

६

पृथ्वीनारायण शाहले नेपालखाल्डो जितेको समय त्यहाँ यस्तो दिइएको छ –

> वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले नेपाल उपत्यका विजय गरेपछि [...][२५]

वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले पूरै नेपालखाल्डो जितिसकेका थिएनन् । काठमाडौं र ललितपुर मात्र जित्न भ्याएका थिए ।[२६] वि.सं. १८२६ कार्तिकशुक्लचतुर्दशी मार्ग १ गते उनले भक्तपुर जितेपछि मात्र पूरै नेपालखाल्डोमा उनको अधिकार भएको थियो ।[२७]

---

२५. *मूल्याङ्कन* ११६ पूर्णाङ्कको ३५ पृष्ठ ।

२६. पृथ्वीनारायण शाहले वि.सं. १८२५ भाद्रशुक्लचतुर्दशी आश्विन १३ गते काठमाडौं जितेका हुन् ।* पृथ्वीनारायण शाहले वि.सं. १८२५ आश्विनकृष्णएकादशी आश्विन २४ गते ललितपुर जितेका हुन् ।**

२७. *इतिहास-संशोधनको प्रमाण-प्रमेय* मूल भागका ११६-११७ पृष्ठ ।

*श्री ५ पृथ्वीनारायण शाहको उपदेश*का ४०४, ८८७-८९२ पृष्ठ ।

वि.सं. २०६० मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित; सनत रेग्मी, गणेशबहादुर प्रसाई, राजाराम सुवेदी, भाउपन्थी र ध्रुव मधिकर्मीद्वारा सम्पादित *पृथ्वीजयन्ती २०६० [स्मारिका]*का १६-२२ पृष्ठमा छापिएको देवीचन्द्र श्रेष्ठको *पृथ्वीनारायण शाहको भक्तपुरमाथि हमला : आँखाले देखेको बयान* भन्ने निबन्ध ।

---

* वि.सं. २०२५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*का ४८६, ४९१-४९२, ८७७-८८० पृष्ठ ।

** उही ८८०-८८१ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

फर्पिङका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका २० वटा लिखतपत्र*

- महेशराज पन्त

१ सङ्ख्या

ने.सं. ६३९ (वि.सं. १५७५) मार्गकृष्णचतुर्थी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १३७७/२७

माइक्रोफिल्मवाट तयार गरिएको फोटोको फ्याक्सिमिलि



यस पत्रमा छाप झरेको छ।

मूलपाठ

१. २ श्रेयो ऽ सम्बत ६३९ मं[[ा]]गशिरकृसनचतुथाति श्रीफनपिगुनगराधिपति ˎ ग्रप्रया ˎ महाराजपुत्र ˎ श्रीरामशिह्ङ ठा(कु[1]रस[2]न) XX[3] श्रीधर्म्मा{{श[4]ह्ङ ठाकुरसन}} ::::

---

* ताडपत्रको मूलपाठमा हामीले प्रयोग गरेका चिह्न *पूर्णिमा* १११ पूर्णाङ्कका ८-९ पृष्ठमा लेखिएअनुसारका छन्।

१. ठाभन्दा पछाडिको पहिलो अक्षरको धेरै भाग देखिन्छ।

२. ठाभन्दा पछाडिको तेस्रो अक्षरको तल्लो भागको केही अंश देखिन्छ।

३. श्रीभन्दा अगाडिको अक्षरको पछिल्लो भाग देखिन्छ।

४. बाइमात्राभन्दा पछाडिको अक्षरको तल्लो भागको केही अंश देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. [[श्री]][५] ●● ●● ठाकुरस[[न[६] क्व[७]]]टोल थंति काछें ॱ सहिवानि ॱ प्रसादारपा ॱ कोटोल मना अ[८]त्त जुरो॰ चात्रघाट ॱ महासांगन ॱ यो ॱ स्य x[९] मार्ग[१०]धारा x[११] ग स त्तदा ::::

३. सनाकोया काठ ●● –[१२] व कायसो आदिन याङ प्रसादापा जुरो॰ जदि कदाचेत व्यावाद दाकाल्य गान सोध य[[ा[१३]]]ङ प्रसन जुयानो जुरो॰ जदे कदाचेत् न ::::

४. ●● या दृ[१४]ष्टसाखि –[१५] –[१६] ा जयतपति मुलमिस विजापति ● उ ● गराम दल[[व]][१७]यिस पसल अ[१८]विषा वजि –[१८] जोरजिस दृ[१९] तृभय प्रम(ान[२०]) जुरो ●●

३ सङ्ख्या

ने.सं. ६५१ (वि.सं. १५८८) ज्येष्ठशुक्लत्रयोदशी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १३७७/५

---

५. ठाभन्दा अगाडिको पाँचौं अक्षरको तल्लो भाग देखिन्छ।
६. सभन्दा पछाडिको अक्षरको अघिल्लो भागको केही अंश देखिन्छ।
७. टोभन्दा अगाडिको अक्षरको अघिल्लो भाग र पछिल्लो भागको केही अंश देखिन्छ।
८. हामीले माथि अ भनी पढेको अक्षर वास्तवमा के हो भनी अहिले खुट्टयाउन सकिएन। यही पत्रमा आएको ३ पङ्क्तिको आदिनको आसँग यो अ नमिल्ने भए तापनि अरू अक्षरभन्दा असँग नै यो नजीक देखिएकोले अहिलेको लागि यसलाई अ नै पढिएको छ।
९. स्यभन्दा पछाडिको अक्षरको तल्लो भाग देखिन्छ।
१०. ताडपत्र मूसाले काटेकोले मार्गको डिको र डिकोभन्दा माथि गएको भाग देखिँदैन।
११. राभन्दा पछाडिको अक्षरको अघिल्लो भाग देखिन्छ।
१२. वभन्दा अगाडिको अक्षरको डिको अलिकति देखिन्छ।
१३. यभन्दा पछाडि भएकोको माथिल्लो भागको ज्यादै थोरै अंश मात्र देखिन्छ।
१४. ताडपत्रमा अक्षर मेटिएकोले दृको यस्तो ॖ भाग देखिँदैन।
१५. खिभन्दा पछाडिको अक्षरको अघिल्लो भाग देखिन्छ।
१६. ाभन्दा अगाडिको अक्षरको पछिल्लो भागको केही अंश देखिन्छ।
१७. लभन्दा पछाडिको अक्षरको पछिल्लो भाग देखिन्छ।
१८. जिभन्दा पछाडिको अक्षरको अघिल्लो भागको केही अंश र पछिल्लो भाग देखिन्छ।
१९. दृ र तृको बीचमा तिनको डिकाभन्दा माथि खाली ठाउँमा यस्तो × चिह्न दिई छुटेको अक्षर थप्ने सङ्केत गरे तापनि थपिएको भने देखिएन। ताडपत्र भाँचिएर गएकोले थपिएको नदेखिएको हो कि।
२०. जुभन्दा अगाडिको अक्षरको पछिल्लो भाग देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि



यस पत्रमा छाप भरेको छ।

मूलपाठ

१. ८ श्रेयोऽस्तु॥ सम्ब ६५१ जेष्टशुक्लत्रयोदस्यायान्तिथ्वे , श्रीफणपिगुनगरातस्य , धिपति , श्रीग्वालकुथि-बाहार श्रीग्वपालशिह्ङ थाकुरस पुत्र , श्रीचेत्रजुया , नाम्नेण शुवाचा पतिपंनेण भुतेण शुहस्तेन शुक्रियं शुभुंजमानिकं त्र(तेव)

२. नगरातस्य , थंमलंखुतोल मातन छे , अमरशिङ भारोस नाम्नेण सकासात , क्वतोल , थंत क्वाछे गृहनामप्रदेस्य , चात्राघात , जिव[21]कितभारोकस्य , भुमे शिमायां , रामशिङभारोकस्य भुमेव[21] शिमाया , धाराकस्य शिमाय(ा पश्चि)-

३. मत[22] , श्रीतव[21]बाहारकस्य गृव[21]स्तव्य[23] उत्रत , जोतिरामभारोकस्य[24] भुमेव[21] शिमायां , फ्याकु-

२१. यो व खुँडे छ।

२२. ताडपत्र दोब्र्याउँदा परेको डोबले गर्दा तको तल्लो भाग देखिँदैन।

२३. पहिले लेखिएको अक्षरलाई व्य बनाइएको छ।

२४. पहिले लेखिएका अक्षर मेटी त्यही ठाउँमा जोतिरामभारोकस्य लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भारोकस्य गृहव[२५]स्तव्यन भुमेव[२५] शिमाया पूर्व्वत 、श्रीग्वल कुथिवारया भु[२६]मेव[२५] शिमाया दखिनत 、 थ्वते माध्यस चोग्व 、थंत क्वा(छे)[२७]

८. मुलचोक 、द्वारछि १ यंता 、वंकुलिस[२८] द्वारछि स्वतन दा लिफु लिवि[२९]सहित जुरो 、वं[२५]ता द्वाररछि १ थ्वते छेया पूर्व्व शुशिमा जुक्वया 、श्रीग्वपालशिह्नङ थाकुरस श्रीचेत्रजुया उभयस थव स्वादिकार[३०] 、प्यंवोस छिवोया शुX

५. ● जुरो थ्वया शिङधनिकाजक्षेसथापनवाहिराद्वारागतपुर्व्वशुशिमासमपरिभोगें 、जथाकालदेसव[२५]त्मानेण मुलमादाय शुक्रियं विक्रियं भव[२५]ति 、जदि कदाचेत् व्यावासंकतो भव[२५]ति तदा धारन याङन प्रX[३१]X

(पछाडि)

१. ((जु))[३२]यमाल 、अत्र ((प))त्रार्थे तलपति लुकाल्य अकर्ण्ण जुरो 、दृष्टसाखि क्वनिह्म वावु X[३३]परुX भारो 、जयशिह्नङराम भारो 、जिव[२५]केस

२. ((भा))[३४]रो जिव[२५](के)त (भा[३५]रो[३६]) 、एते पञ्चभयत्वं प्रमान जुरो 、अख हेदयशिङ माहातया शुभ[३७] ॥

---

२५. यो व खुंडे छ ।

२६. पहिले लेखिएको अक्षरलाई भु बनाइएको छ ।

२७. क्वाभन्दा पछाडिको अक्षरको अघिल्लो भागको केही केही अंश देखिन्छ ।

२८. द्वाको डिकोभन्दा माथि तेस्रो र चौथो पङ्क्तिको वीचको खाली ठाउँमा स थपिएको छ ।

२९. पहिले लेखिएका अक्षर मेटी त्यही ठाउँमा तन दा लिफु लि लेखिएको छ ।

३०. पहिले लेखिएका अक्षर मेटी त्यही ठाउँमा थव स्वादिकार लेखिएको छ ।

३१. प्रभन्दा पछाडिको अक्षरको अघिल्लो भाग देखिन्छ ।

३२. यभन्दा अगाडिको अक्षरको डिको र पछिल्लो भागको केही अंश देखिन्छ ।

३३. बुभन्दा पछाडिको अक्षरको वीचको भाग देखिन्छ ।

३४. रोभन्दा अगाडिको अक्षरको अघिल्लो भाग देखिन्छ ।

३५. तभन्दा पछाडिको अक्षरको अघिल्लो भाग देखिन्छ ।

३६. तभन्दा पछाडिको दोस्रो अक्षरको पछिल्लो भाग देखिन्छ ।

३७. पहिले लेखिएको अक्षरलाई शुभ वनाइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ सङ्ख्या

ने.सं. ६५१ (वि.सं. १५८८) भाद्रशुक्लअष्टमी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १३७७/१६ यस पत्रमा छाप भरेको छ।

मूलपाठ

१. ९ श्रैयोऽस्तु ॥ सम्बत ६५१ भार्दपदशुक्लअष्टंम्यायान्तिथ्वे, श्रीफणपिगुणगरातस्य, यंब[३८]लितोल, भंगिरि छे, उह्लाराज भारोस, नाम्नेण शुवाचा पतिपंनेण भुतेन शुहस्तेण शुक्रियं शुभुंजमानिकं, त्रतेव[३८] नगरातस्य, थंमलंखुतोल मातन छे अमरसिङ भारोस नाम्नेण,

२. सकासात, थंत क्वाछे गृहनामप्रदेस्य, चात्राघात, धारान पच्छिमत, माहामार्गकस्य उत्रत, स्वर्पमाग-कस्य, अंगनाकस्य पुर्व्वत,[३९] धनिकस्य गृहन, दखिनत थ्वते माधेस चोग्व, थंथ क्वाछे मूलचोक येकुलि छेदि लिफु थंतल्य क्वतल्य थ्वते नामसंगोकं, थ्वतेया शुशि:

३. मा जुक्व जुर शिङधनिकाजक्षेसथापनबाहिराद्वारागत, पुर्व्वसुशिमासमरिभोर्गे जथाकालदेसव[३८]त्मानेण मुलमादाय, शुक्रियं विक्रियं भव[३८]ति, जदि कदाचेत् व्यावादसंकतो भव[३८]ति, तदा धानकेन परिस्वधनियं अतु प्रतार्थे तलपति लुकाल्य अकर्ण्ण जुरो, दृष्टसाखि क्वथ्व वि-

(पछाडि)

१. जाप[४०]ति छे जिव[३८]केस भारो जकताज भारो मातन छे जयसंखराम भारो एते तिभय-

२. त्वं प्रमान जुरो अख्र हेदयशिङ माहातया शुभ ॥

(दायाँ फरक हस्ताक्षरमा पछाडि लेखेको)

१. सं ९२८ आश्विशु ११ धु कु २४ ब्या· कु १३ पाताल भु

२. एकुलि गु· विचारि श्रीरामु रानास्त हेङा, लिपिक

३. दनीव तलपती मविया· माले· पिबिस्यं केनेमाल ॥

---

३८. यो व खुँडे छ।

३९. त, र धको बीचमा लेखिएको श्रीपिको बीचमा यस्तो — लामो धर्को दिई त्यो खारेज गरिएको छ।

४०. प र तिको बीचमा लेखिएको छिको बायाँपट्टि ४ वटा यस्ता, धर्का दिई त्यो खारेज गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ सङ्ख्या

ने.सं. ६५५ (वि.सं. १५९२) श्रावणकृष्णनवमी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १०६८/२१ यस पत्रमा छाप भरेको छ।

मूलपाठ

१. ꣸ श्रेयोऽस्तु ॥ सम्बत ६५५ सराव[४१]नकृष्णनवं[४१]म्यायान्तिथ्वे, श्रीफणपिङ्गणगरात, स्य, यमलंखुतोलस्य, श्रीमत्श्रीश्रीमराव[४१]भादस नाम्नेण सकासात, त्रतेव[४१] नगरातस्य, श्रीग्वालकुथिबाहार ...

२. नाम्नेण शुवाचा पतिपंनेण भुतेन शुहस्ते शुक्रियं सुभुंजमानिकं, पाजंदे, गामवि क्षेत्रनामप्रदेस्य चात्राघात, रामसिङ भारोया क्षेत्रन पच्छिमत, दुयिनिमयिया क्षेत्रन उत्रत, श्रीधनिस क्षेत्रन पूर्व्व[त[४२] एतन्म]-

३. धस चोग्व ब्वाकसहित जुरो, रोव[४१] नशित्या २॥ थ्वतेस, डंबोस श्वंवो, शुक्रिबिक्रिन प्रसन जुया जुरो, प्रति फल्यलिव[४१] केबंव[४१] हेलन प्रसन जुया जुरो, त्वाल भुवो फेला, जदि कदाचेत् व्यावाद द्वाकाल्य धा[ण्र्ण[४३]केन परिशोधनीयं अत्र]

४. प्रतार्थे तलप्रति लुकाल्य अकण्र्ण जुरो, थ्वतेया दृष्टसाखि हेदय भारो यितिफुसि छे जगतराम भारो विजापति छे जिवकेस भारो, तिभयर्त्वं[४४] प्र[४५][मा[४६]न[४७] जुरो अख्र[४८] हे[४९]द[५०]य[५१] शि[५२]ङ[५३]] मा[५४][हा[५५]तया शुभ ॥]

---

४१. यो व खुंडे छ।
४२. र्व्वभन्दा पछाडिको अक्षरको डिको र घाँटी देखिन्छ।
४३. धाभन्दा पछाडिको अक्षरको अघिल्लो भागको केही अंश देखिन्छ।
४४. ताडपत्रको रेशा उप्किएर गएकोले र्त्वंको तल्लो भाग देखिँदैन।
४५. ताडपत्रको रेशा उप्किएर गएकोले प्रको तल्लो भागको केही अंश देखिँदैन।
४६. प्रभन्दा पछाडिको अक्षरको अघिल्लो भाग देखिन्छ।
४७. प्रभन्दा पछाडिको दोस्रो अक्षरको डिको देखिन्छ।
४८. प्रभन्दा पछाडिको छैटौं अक्षरको डिकोको पछिल्लो भागको अलिकति अंश देखिन्छ।
४९. माभन्दा अगाडिको पाँचौं अक्षरको डिको र एकलख देखिन्छ।
५०. माभन्दा अगाडिको चौथो अक्षरको डिको देखिन्छ।
५१. माभन्दा अगाडिको तेस्रो अक्षरको डिको र घाँटी देखिन्छ।
५२. माभन्दा अगाडिको दोस्रो अक्षरको माथिल्लो भाग र पछिल्लो भाग देखिन्छ।
५३. माभन्दा अगाडिको पहिलो अक्षरको बीचको भाग र घाँटीसहितको माथिल्लो भाग देखिन्छ।
५४. ताडपत्रको रेशा उप्किएर गएकोले माको बीचको केही अंश र तल्लो भाग देखिँदैन।
५५. माभन्दा पछाडिको अक्षरको अघिल्लो भाग देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

५ सङ्ख्या

ने.सं. ६५८ (वि.सं. १५९५) श्रावणशुक्लतृतीया

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १३७७/५४

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ। त्यस छापको छेउमा वरिपरि थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र बीचमा **श्री** लेखिएको छ।

मूलपाठ

१. ॰ श्रैयोऽस्तु ॥ सम्बत् ६५८ श्रावणशुक्लतिि(त))या॰ तिथौ ॰ श्रीफनपिंदेश तत्रेव देश णतोल कोन छे योता गृह भ्राता बितु भारोस नाम्ना सकासात् तत्रेव[५६] ननि योकुलि गृह मातृबेधिक भ्रात्य किरण भारोस नाम्नेन स्वकियं ॱ स्वभुर्ज्यमानिक॰ ढंढलं क्षेत्रनामप्रदेशेः श्रीमत्श्रीश्रीग्वपालेश्वरभटारिकास क्षेत्रशिमायां ॱ पश्चिमतो ॱ उर्त्तरतश्चः श्रीयं – ाबहार ●● ...

२. –[५७] ना मा चोन जुरोः ग्राहकश म्भा (ाशमाया॰ दक्षिनतः एतेषा मधे ता क्षेत्र षटरोपनिक॰ जत क्षेत्र रोव[५६]ाङ्क रोव षु ६ जुरो॰ थ्वते बुस धाण्र्णस्वादिकार अर्द्धभाग बच्छि जुको ता क्षेत्र सत्रूषकं स्मपरिभोज्ञे॰ जथानगरकालप्रवत्तमानसञ्चाराघेन जथोश्चितमुलमादाय क्रिविक्रीस्वादिनेन तेनानिवृत्तकं न्यायन क्रेन विक्रीयतम्भवति स(त्य[५८]ा देविकराजिक)

३. विना ता धाण्र्णस्वादिकार षुपेक(स[५९] ब[६०])च्छि जुको क्षेत्र संषटव्याव[५६]ादकाले तदा धाण्र्णकेन परिसोधनियं ॱ भाषा थ्व बु ह्ङथ्यं (अ)[६१]भयसिंह भारोयाके भोग्न चोग्व लिफ्याङटो क्रिन काया जुरो॰ अत्र पत्राथे साक्षि ॥ श्रीमडश्रीनकबहार योता गृह श्रीलंगुसेनजुस मेक ॥ दृष्ट शुभ ॥

६ सङ्ख्या

ने.सं. ६६१ (वि.सं १५९७) मार्गशुक्लतृतीया

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १३७७/२९

---

५६. यो व खुँडे छ।

५७. नाभन्दा अगाडिको अक्षरको अधिल्लो भाग देखिन्छ।

५८. सभन्दा पछाडिको अक्षरको अधिल्लो भाग देखिन्छ।

५९. कभन्दा पछाडिको अक्षरको अधिल्लो भाग देखिन्छ।

६०. च्छिभन्दा अगाडिको अक्षरको पछिल्लो भाग देखिन्छ।

६१. भभन्दा अगाडिको अक्षरको सामै देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि



यस पत्रमा छाप भरेको छ।

मूलपाठ

१. ॡ श्रेयोऽस्तु॥ सम्बत ६६१ मार्गशिरशुक्लतृतियायां तिथौ श्रीफनपिदेश श्रीग्वारकुथिविहार शुलिकिवसावतार श्रीनाथु रावुत व[62]र्मनस भ्रात्य श्रीजिव रावुत वर्मनस उभयश नाम्नेन स्वकियं स्वभुज्यमानिकं स्वदेश मातान छे गृहद्विवास्तव्य अमरसिङ भारोस नाम्ना सकासात स यव फनपि थंथे क्वाछे

---

६२. यो व खुंडे छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. –ां तुलि मुल छे लिफु लिबि स्वशिमासह नामप्रदेशे नाथु हेरया भुमेन पच्छिमतः श्रीतवलया भुमेन उह्लासराज भारोस भुमेन द्वयो शिमाया उतरत गृहाङ्गनस्य पार्वत मार्गशिमाया दक्षिनतश्च यंता मुल पातल जुको लिफु थंनको वंता मुल पातल जुको लिफुया थंनको लथ्यामार्गन उत्रगमन का x[63]x

३. नाल यंथो क्वाछ गृहमण्डल वंकुलि मुलगृह लिफु लिबि स्वशिमासह दक्षिनाभिमुषद्वारमेक द्वारछि १ लिफु लिबिसह वं[64]ता मुल छे द्वारछि १ तल जुको लिफुया थंनको यंता मुल द्वारछि १ तल जुको लिफुया थंनको जुरो ॱ तत् गृह प्यंबोस छिवो वस्थित बाहिरिद्वाराङ्गनस्यं[65]दनिकाजक्षनि-

४. स्थाप्नप्लालसछानस्वशिमा सक्रषक स्मपरिभोग्य जथानग्लकालप्रवतमानसंचाराघन जथोश्चितमुलमादाय क्रिविक्रिस्वादिनेन तेनानिवत्तकं न्यायन क्रिन विक्रित भवति ता प्यंबोस छिवो गृह संषटव्यावादकाल तदा धार्ण्णकेन परिस्वधनिय साक्षि –[66] –[67] –[68] –[69] –[70]

५. –[71] –[72] जयसिङराम माहात भारोस विज्यापिथि छे ज[[य[73]रा[74]]]म भारोस जिवकेस भारोस लंकोनिह्म हर्षाज भारोस एते पंच श्रुट ॥ शुभ ॥

७ सङ्ख्या

ने.सं. ६८० (वि.सं. १६१६) मार्गशुक्लषष्ठी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १०६८/१५

---

६३. काभन्दा पछाडिको अक्षरको अघिल्लो भाग देखिन्छ ।

६४. यो वं खुँडे छ ।

६५. ताडपत्रमा अक्षर मेटिएकोले स्यंको तल्लो भाग देखिँदैन ।

६६. क्षिभन्दा पछाडिको पहिलो अक्षरको अघिल्लो भाग देखिन्छ ।

६७. क्षिभन्दा पछाडिको दोस्रो अक्षरको पछिल्लो भाग देखिन्छ ।

६८. क्षिभन्दा पछाडिको तेस्रो अक्षरको सामै देखिन्छ ।

६९. क्षिभन्दा पछाडिको चौथो अक्षरको बीचको भाग देखिन्छ ।

७०. क्षिभन्दा पछाडिको पाँचौं अक्षरको अघिल्लो भाग देखिन्छ ।

७१. जभन्दा अगाडिको दोस्रो अक्षरको सामै देखिन्छ ।

७२. जभन्दा अगाडिको पहिलो अक्षरको अघिल्लो भाग र तल्लो भागको केही अंश देखिन्छ ।

७३. जभन्दा पछाडिको अक्षरको पछिल्लो भाग देखिन्छ ।

७४. मभन्दा अगाडिको अक्षरको बीचको भाग छोडेर अरू भाग देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि



मूलपाठ

१. १ संवत ६८० मार्ग्गशीलशुद्धि खुह्नुश ॱ श्रीफणपिं ॱ यमलं ख्वतोल ॱ विद्यापिठ छें अभयसिंह भारो ॱ हस्तोर्द्दाल ॱ अंङ्क ॱ शमशि मोहल टव टंका ३ तस्य भोगबन्दको ढ्वैंश दलें बु ॱ रोव १२ थ्वतेया थव स्वादि ॱ काल ॱ खुबोस

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. छिबो 、रोव २ थ्वतेश 、दिचकां तया 、आ[७५]यीद वर्ष सोंन्दतो अभाश पोरेश 、तंका[७६] प्रतिमाम मोलङास 、घरसार 、बय यायस बियात्वं 、धनि सोगोत्र 、विद्यापति छें 、 दुय बाबु 、 जकतु बाबु 、 जकसिं[७७]-

३. ह बाबु 、थ्व सकल त्रिभातृ ः सह 、 साखि स्वभ्रात्य उह्लासलाम 、भारो एक प्रमाण 、[७८] रिखित 、ब्रह्मपुरी 、श्रीलुगुजुया 、 ४॥ ० ४॥ शुभ ॥ [७९]॥ शुभ ॥ ० ॥ शुभ ॥

८ सङ्ख्या

ने.सं. ७२४ (वि.सं. १६६१) भाद्रकृष्णद्वादशी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १०६८/२९

माइक्रोफिल्मबाट तयार गरिएको फोटोको फ्याक्सिमिलि



७५. आ र यीको बीचमा लेखिएको अक्षर मेटेर र त्यसको सामै लामो पारेर त्यो अक्षर खारेज गरिएको छ। मेटिएको अक्षर हल्का देखिन्छ र त्यो **ख** हो भनी भन्न सकिन्छ।

७६. का र प्रको बीचमा लेखिएको अक्षर मेटेर त्यो खारेज गरिएको छ। मेटिएको अक्षर हल्का देखिन्छ र त्यो **स** हो भनी भन्न सकिन्छ।

७७. पहिले लेखिएका अक्षर मेटी त्यही ठाउँमा **बु 、जकसिं** लेखिएको छ।

७८. **ण** 、र रिको बीचमा लेखिएको एउटा अक्षर मेटेर त्यो खारेज गरिएको छ। मेटिएको अक्षर हल्का देखिए तापनि त्यो अक्षर के हो भनी भन्न सकिँदैन।

७९. ॥ भन्दा पछाडि माथिको चिह्न दिई दोस्रो पङ्क्तिको कतुको कको तलबाट लेख्न थालिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. ᳲ सयोऽस्तुः सम्बत ७२४ भाड्पदबधिद्वाडस्यां तिथौ श्रीफणपिगुनगलातधिपति ˎ श्रीश्रीश्रीनंन्दीकेश्वलसके ˎ दिवंगत ˎ दुतास ˎ कृह्न भालोन ˎ काययात दुता ˎ वल ˎ ऋष १ वोषा व[८०]ल ˎ ग्वात व[८०]ल ˎ कलेसत्या १x थोते ˎ

२. गडव[८०]रमतगुथिस दुता जुरो ˎ बुषं छी १ लव[८०] ५ गलषु बु[८१] जुलो ˎ। थुतेस गुथिस दुता रो ˎ गुथि मरिता याय ˎ बेसत ˎ विद्यापति छे जिकीतशिङ रो ˎ क्वाथ कुतु भारो ˎ छह्म कभ्रेत ˎ श्वगोत्र जसकित भारो ˎ चभुय जुलो ˎ दंम २ रा ˎ बजि फं ५ धरी

३. पति ८ दंम १ चाकु दंमछी २। थोते ˎ मतगुथि मरिता यायमार जुलो ˎ थोते चिता मयासे ˎ रोभा मोहो यातसा श्री २ नंदिकेश्वरस ˎ निग्रह जुरो ॥ शुभ ॥

९ सङ्ख्या

ने.सं. ७४९ (वि.सं. १६८६) आश्विनशुक्लसप्तमी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १३७७/३३

माइक्रोफिल्मवाट तयार गरिएको फोटोको फ्याक्सिमिलि





---

८०. यो व खंडे छ।

८१. यो बु चुच्चे छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. ꣸ श्रैयोऽस्तु ॥ सम्वत् ७४९ आश्विनशुद्धि ७ श्रीफनपिंदेश ॱ कोत्वाल यितिफुशिछें ॱ बितुराम भारोस हस्तोद्धार ओहो कनकजोति मोहोल टंक[८२](ा त्रयशु)-

२. किटंकाद्धिक ॱ नव टंकाङ्क तव टंका गु ९ मोहोल शुकि स्व ३ भूय दाम दम्म पि ४ तस्य भोग-बन्दकोद्देश एकलं काले बु[८३] रोव स्व ३ जथाचत्राघाटे(न परि)-

३. वेस्थितं ॱ भाषा थ्व टंकाया व्रषंप्रति कलन्त्र ल्याषन धनिसन ॱ थ्वते बु भोगण भुक्त्रपं यंने जुरो ॱ आविदि वर्ष ङा ५ थ्वते भाष थियकंतु फ्याच दो फ्यायश (कनक)-

४. जोति मोहोल टंका प्रत्य थ्व भोग बु श्रीश्रीराजश लिफ्याङन भोगण जोंङा धनि ॱ स एव फनपिंदेश ॱ हतक्वाठ श्रीमत् ३ आगम भट्टारकस[८४]॥ स[८५]XXX

५. व फनपिंदेश ॱ कोत्वालबाहार ननिछें ॱ रणिश भ्राता रथन भारोस श्रूत ॥ पडवेह चोता चोस्यं बिया दो जुरो ॥ भाषा थ्व भोग बु रणिगत्वं प्ययकं विXXX (जा)-

६. [८६] क्ये प्यण्ड जाक्य फं शूय ३० धारे व्रषंप्रति थंनेमाल जुरो ॱ॥ शुभं ॥

१० सङ्ख्यां

ने.सं. ७५२ (वि.सं. १६८८) पौषशुक्लनवमी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १३७७/१५

---

८२. ताडपत्र भाँचिएर गएकोले कको यस्तो ꣸ भाग देखिँदैन ।

८३. यस बुको पेट चिरेको जस्तो देखिन्छ ।

८४. ताडपत्र भाँचिएर गएकोले सको सामैको माथिल्लो भाग देखिँदैन ।

८५. ताडपत्र भाँचिएर गएकोले सको सामै देखिँदैन ।

८६. पाँचौं पङ्क्तिको बाहारको बाको तलबाट छैटौं पङ्क्ति उठाइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

